आज मिति २०८२ साल असार ३० गते सोमबारका दिन यस रोल्पा नगरपालिका नगरकार्यपालिकाको आ.व.२०८१/०८२ को बजेट कार्यान्वयनको वार्षिक समिक्षा गोष्ठी बिहान ११.०० बजे नगर प्रमुख श्री सुरेन्द्र थापा(घर्ती) को अध्यक्षता,नगरउपप्रमुख श्री गिता आचार्यको उपस्थितिमा र देहाय बमोजिमका जनप्रतिनिधि, कर्मचारी, पत्रकार,नागरिक समाज बुद्धिजिवि र सचेत नागरिक र सरोकारवाला महानुभावहरुको उपस्थितिमा रोल्पा नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सुसम्पन्न गरीयो ।

## उपस्थिति:

| हस्ताक्षर | नामनथर |
|---|---|
| | श्री सुरेन्द्र थापा(घर्ती) (नगर प्रमुख) |
| | श्री गिता आचार्य (नगर उप-प्रमुख) |
| | श्री खुमबहादुर थापा (१ नं.वडाध्यक्ष) |
| | श्री प्रकाश डाँगी (२ नं.वडाध्यक्ष) |
| | श्री राजकुमार पुरी (३ नं.वडाध्यक्ष) |
| | श्री मित्रलाल गुरुङ (४ नं.वडाध्यक्ष) |
| | श्री टोपबहादुर नेपाली (५ नं.वडाध्यक्ष) |
| | श्री तुलबहादुर घर्तीमगर (६ नं.वडाध्यक्ष) |
| | श्री लालबहादुर घर्तीमगर (७ नं.वडाध्यक्ष) |
| | श्री हर्कबहादुर डाँगी (८ नं.वडाध्यक्ष) |
| | श्री मिमबहादुर घर्तीमगर (९ नं.वडाध्यक्ष) |
| | श्री मतिलाल डाँगी (१० नं.वडाध्यक्ष) |
| | श्री खति घर्तिमगर (नगर सदस्य) |
| | श्री सुनिता आचार्य (नगर सदस्य) |
| | श्री देवबहादुर सुनार (नगर सदस्य) |
| | श्री तिर्पना पुनमगर (नगर सदस्य) |
| | श्री मिना घर्तीमगर (नगर सदस्य) |
| | श्री माला रोकामगर (नगर सदस्य) |
| | श्री हरिबहादुर वि.क. (नगर सदस्य) |
| | श्री सुजाता पुनमगर (वडा सदस्य) |
| | श्री सन्देश थापामगर (वडा सदस्य) |
| | श्री आशा दमाई (वडा सदस्य) |
| | श्री अमरसिं राना (वडा सदस्य) |
| | श्री केशरबहादुर महरा (वडा सदस्य) |
| | श्री सुपरा दमाई (वडा सदस्य) |
| | श्री बिन बहादुर घर्तीमगर (वडा सदस्य) |

सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| | श्री तिला नेपाली | (वडा सदस्य) |
| | श्री तिलावहादुर रोकामगर | (वडा सदस्य) |
| | श्री प्रेमा थापामगर | (वडा सदस्य) |
| | श्री टिकाराम शर्मा | (वडा सदस्य) |
| | श्री श्वेता घर्तिमगर | (वडा सदस्य) |
| | श्री पूर्णवहादुर गिरी | (वडा सदस्य) |
| | श्री विरवहादुर घर्तीमगर | (वडा सदस्य) |
| | श्री जैसरी वि.क. | (वडा सदस्य) |
| | श्री मनकुमारी घर्तीमगर | (वडा सदस्य) |
| | श्री कमल के.सी. | (वडा सदस्य) |
| | श्री चन्द्रकला वि.क. | (वडा सदस्य) |
| | श्री दामोदर वुढामगर | (वडा सदस्य) |
| | श्री नन्दकुमारी वुढामगर | (वडा सदस्य) |
| | श्री धनवहादुर वाँठामगर | (वडा सदस्य) |
| | श्री चुमानसिं पुन | (वडा सदस्य) |
| | श्री सुनकुमारी कामी | (वडा सदस्य) |
| | श्री चित्रवहादुर घर्तीमगर | (वडा सदस्य) |
| | श्री तुलसीराम वुढामगर | (वडा सदस्य) |
| | श्री मनमाया वि.क. | (वडा सदस्य) |
| | श्री वलवहादुर पुनमगर | (वडा सदस्य) |
| | श्री धर्मराज वुढामगर | (वडा सदस्य) |
| | श्री रामवहादुर वुढामगर | (वडा सदस्य) |
| | श्री हुकमवहादुर विष्ट | (वडा सदस्य) |
| | श्री वर्मा सुनार | (वडा सदस्य) |
| | श्री सुनिता वि.क. | (वडा सदस्य) |
| | श्री रामप्रसाद शर्मा(प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थितिहरुः

| | | |
|---|---|---|
| | श्री टंकवहादुर गिरी | प्रशासन/स्वास्थ्य प्रमुख |
| | श्री नैनाकुमारी घर्तीमगर | स्वास्थ्य अधिकृत |
| | श्री हरिवहादुर के.सी. | आ.ले.प.अधिकृत |
| | श्री दिलमाया विष्ट | पशुस्वास्थ्य प्रमुख |
| | श्री निशान आचार्य | सूचना प्रविधि अधिकृत |
| | श्री मिसाना घर्तीमगर | रोजगार संयोजक |

सुरेन्द्र थापा घिर्ती
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| | श्री शरद पोखरेल | कार्यक्रम कार्यान्वयन इकाई |
| | श्री रञ्जना पुनमगर | कार्यक्रम कार्यान्वयन इकाई |
| | श्री पवित्रा बुढामगर | सहायक महिला विकास अधिकृत |
| | श्री प्रमिला घर्तीमगर | महिला विकास निरिक्षक |
| | श्री टेकबहादुर वि.क. | एमआईएस अपरेटर |
| | श्री सन्चिता कवर | एमआईएस फिल्ड सहायक |
| | श्री हरिबहादुर कवर | प्राविधिक अधिकृत |
| | श्री रेशमकुमार आचार्य | प्राविधिक अधिकृत |
| | श्री धर्मराज डाँगी | सहायक प्रशासकीय अधिकृत |
| | श्री वेदुराम आचार्य | लेखा प्रमुख |
| | श्री राजिव बुढामगर | कम्प्युटर अपरेटर |
| | श्री गौरव चौधरी | कृषि अधिकृत |
| | श्री रश्मी न्यौपाने | वडासचिव-२ |
| | श्री विपिन कुँवर | वडासचिव-१ |
| | श्री विमला बुढामगर | वडासचिव-४ |
| | श्री मनप्रसाद वि.क. | वडासचिव-६ |
| | श्री कमला डाँगी | वडासचिव-७ |
| | श्री चन्द्रबहादुर घर्तीमगर | वडासचिव-८ |
| | श्री सन्तोष लामिछाने | वडासचि-९ |
| | श्री चन्द्रज्योती सुवेदी | वडासचिव-१० |
| | श्री श्यामलाल के.सी | वरिष्ठ प्रशासन सहायक |
| | श्री निमकुमारी डाँगी | बालविकास संयोजक |
| | श्री दिपेन्द्र वि.क. | जनस्वास्थ्य निरिक्षक |
| | श्री प्रभात के.सी. | जनस्वास्थ्य अधिकृत |
| | श्री निशा विष्ट | मनोसामाजिक परामर्शकर्ता |
| | श्री ललितकुमार खत्री | कृषि प्राविधिक |
| | श्री रेखा सुनार | पोषण सहजकर्ता |
| | श्री सुकलाल घर्तीमगर | परामर्शकर्ता |
| | श्री स्मृति रोकामगर | परामर्शकर्ता |
| | श्री कमला बली | कृषि प्राविधिक |
| | श्री सविना के.सी. | मेडपा/न्यायिक समिति |
| | श्री प्रेरणा महरा | कार्यालय सहयोगी |
| | श्री उर्मिला बुढाथोकी | कार्यालय सहयोगी |

सुरेन्द्र थापा घर्ती
नगर प्रमुख

| | | |
|---|---|---|
| | श्री कुमार रावत | कार्यालय सहयोगी |
| | श्री हरिबहादुर घर्तीमगर | कार्यालय सहयोगी |
| | श्री पूर्णबहादुर खड्का | कार्यालय सहयोगी |
| | श्री राजु वि.क. | कार्यालय सहयोगी |
| | श्री विष्णु विष्ट | कार्यालय सहयोगी |
| | श्री महेश सार्की | कार्यालय सहयोगी |
| | श्री आशा कवर | कार्यालय सहयोगी |
| | श्री बलबहादुर गुरुङ | हल्का सवारी चालक |
| | श्री खुशाल वि.क. | हल्का सवारी चालक |
| | श्री सहविर वि.क. | नगर प्रहरी हवल्दार |
| | श्री सिता डाँगी | नगर प्रहरी जवान |
| | श्री अस्मिता महरा | नगर प्रहरी जवान |
| | श्री दिलकुमारी महरा | नगर प्रहरी जवान |
| भुपेन्द्र | श्री भुपेन्द्र डाँगी | नगर प्रहरी जवान |
| प्रकाश | श्री प्रकाश घर्तिमगर | नगर प्रहरी जवान |
| तिरेश | श्री तिरेश खत्री | नगर प्रहरी जवान |
| Surendra | श्री सुरेन्द्र वली | नगर प्रहरी जवान |

श्री मिन के.सी. ए.ई. प्राविधिक (वडा नं. २, ४)
श्री तोयनाथ डवर [illegible]
श्री घनश्याम के.सी. पत्रकार
श्री सुविता कुमारी थापा ,,
श्री तिलक घर्ति ,,
श्री टेकमन विष्ट ,,
श्री रीतिका राना ,,

सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख

Shagun

CS CamScanner

**१. स्थानिय तहबाट हालसम्म जारी भएका कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड) :**

क) ऐनहरु : १६

ख) नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरु : ६०

ग) अन्य : ०

घ) आ.ब. २०८१/०८२ मा स्वीकृत भई राजपत्रमा प्रकाशन भएका कानुनहरु

१. आर्थिक ऐन २०८१.

२. रोल्पा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८१

३. रोल्पा नगरपालिका हात स्वच्छता सम्बन्धी कार्यविधि २०८१

४. दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यविधि २०८१

५. आन्तरिक नियन्त्रण प्रणाली २०८१

६. स्थानीय तहका लागि 'खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS) मार्गदर्शन २०८१

७. रोल्पा नगरपालिका आन्तरिक लेखापरिक्षकको आचारसंहिता २०८१

८. स्थानीय सभाको सार्वजनिक लेखा समितिको मानक सञ्चालन कार्यविधि २०८१

१०. रोल्पा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली २०८१

११. स्थानीय तहको नागरिक बजेट निर्देशिका २०८१

१२. रोल्पा नगरपालिकाको भवन,पार्क भ्यु टावर भाडामा दिने सम्बन्धी मापदण्ड,२०८१

१३. स्थानीय तहको बेरुजु फछ्यौट निर्देशिका, २०८१

**२. आ.व. २०८१/०८२ को वित्तीय अवस्था :-**

| क्र.स. | स्रोतको किसिम | आ.व. २०८१/०८२ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघिय सरकार | प्रदेश सरकार | स्थानिय सरकार | जम्मा | खर्च | प्रगति प्रतिशत |
| १. | समानीकरण अनुदान | १०,१४,८६ | ७४५७ | | १०८९४३ | ९२१७२ | ८४.६१ |
| २. | सशर्त अनुदान | ३१२५६५ | १४६१२ | | ३२७१७७ | २९०५६१ | ८८.८१ |
| ३. | समपूरक अनुदान | ५००० | १०५०० | | १५५०० | ९११७ | ५८.८२ |
| ४. | विशेष अनुदान | - | २००० | | २००० | १९३३ | ९६.६५ |
| ५. | राजश्व बाँडफाँड | १११११३ | १६९०८ | | १२८०२१ | १११९१२ | ८१.४२ |
| ६. | रोयल्टी | | | | | | |
| ७. | सवारी कर | | | | | | |
| ८. | घर जग्गा रजिष्ट्रेशन शुल्क | | | | | | |

सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | आन्तरिक स्रोत | | | २४२० | २४९० | १२४४ | ५१.४० |
| १० | अन्य | | | | | | |
| जम्मा | | ५३०१६४ | ५१४७७ | ३३१८६ | ६१४८९७ | ५३२१४१ | ८६.५४ |

३. आन्तरिक आयको अवस्थाः-

| क्र.स. | प्रमुख स्रोत | आ.व. २०८१/०८२ | कै. |
|---|---|---|---|
| १ | सम्पत्ती कर | १४२६६६४.२७ | |
| २ | भूमि कर (मालपोत) | १५९७४३२.५० | |
| ३ | व्यवसाय कर | १५६१०० | |
| ४ | जडिबुटी, कवाडी र जीवजन्तु कर | | |
| ५ | घरवहाल कर | १३१९३४०.६१ | |
| ६ | विज्ञापन कर | | |
| ७ | मनोरञ्जन कर | ६५००० | |
| ८ | सवारी साधन कर | | |
| ९ | घर जग्गा रजिष्ट्रेसन शुल्क | | |
| १० | सेवा शुल्क (सवै किसिमका) | | |
| ११ | दस्तुर (सिफारिश, प्रमाणित, नक्सा पास आदि | ७१८६.२७ | |
| १२ | विक्री (सिफारिश, प्रमाणित, नक्सा पास आदि) | १०४३५८० | |
| १३ | सम्पति भाडा | | |
| १४ | अन्य | २२८४६४२.२३ | |
| जम्मा | | ११९०८१७२.०४ | |

४. चालु आ.व. २०८१/०८२ को बजेट पेश तथा स्वीकृति :

- सभामा वजेट पेश गरिएको मितिः- २०८१/०३/०८
- सभामा वजेट पारित गरिएको मितिः- २०८१/०३/०८
- अर्थिक ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिः- २०८१/०३/०८

५. चालु आ.व. २०८१/०८२ को कार्यपालिका तथा सभाको बैठक समबन्धी विवरण :

- सभाको अधिवेशन बैठक बसेको पटकः- २ पटक

CamScanner

- कार्यपालिका बैठक संख्या [illegible]
- सभा तथा कार्यपालिका बैठकको मिति, समय र स्थान र कार्यसूची निर्धारित समयमै सदस्यहरुलाई उपलब्ध गराए/नगराएको:- गराएको
- सभाको बैठकको मिति, समय स्थान सम्बन्धमा समयमै जानकारी गराए/नगराएको:- गराएको
- कार्यपालिका बैठकको मिति, समय स्थान र कार्यसूची निर्धारित समयमै जानकारी गराए/नगराएको:- गराएको

***६. गत आ.व. चालु आ.व. २०८१/०८२ को खर्चको क्षेत्रगत बाँडफाँड:***

| क्र.स. | बिषयगत क्षेत्र | विनियोजित बजेट | यथार्थ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | भैतिक पुर्वाधार विकास | ११५२८१८०० | १०२५५००३७ | ८९ |
| २ | सामाजिक विकास | ३३८९९६२०० | ३०४१३११२७ | ८९.७१ |
| ३ | आर्थिक विकास | ३८६८८००० | ३०२३०८१२ | ७८.१४ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ३३९०००० | २६०५०८० | ७६.२४ |
| ५ | सुशासन तथा संस्थागत विकास | १३६९४७०५१ | ११५३१३१६१ | ८४.२७ |
| | जम्मा | ६३३३०३०५१ | ५५४८३०२१७ | ८७.६० |

***७. क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.व. २०८१/०८२):-***

| क्र.स. | बिषय क्षेत्र | उपक्षेत्र | ईकाइ | भौतिक प्रगति | प्रमुख उपलब्धी |
|---|---|---|---|---|---|
| १. | सडक | कालोपत्रे/ ढलान | २.५ कि मि | | |
| | | ग्राभेल | ३ कि.मि | | |
| | | नँया ट्र्याक खोल्ने | ४ कि. मि. | | |
| २. | पुल निर्माण | मोटरेबल पुल | २ वटा | | |
| | | झोलुङ्गे पुल | ४वटा | | |
| | | आकाशे पुल | ० | | |
| ३. | पार्क निर्माण | | १ | | |
| ४. | खानेपानी तथा ढल निर्माण | खानेपानी सुविधा थप उपलब्ध गराएका परिवार | १०७६ | | |
| | | खानेपानी सेवाबाट लाभान्वित घरपरिवार | १०७६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ढल निर्माण | | | |
| ५. | विक्षारोपण | | | | |
| ६. | नदी नियन्त्रण | | ३ | | |
| ७. | सामाजिक सिँचाई | | ५ | | |
| ८. | जलविद्युत तथा वैकल्पिक उर्जा | उत्पादन | | | |
| | | प्रशासरण लाइन विस्तार | | | |
| ९. | पोखरी ताल तलैया | | ५ | | |
| १०. | फोहोरमैला व्यवस्थापन | डम्पिङ्ग साइट | | | |
| | | स्यानीटरी ल्याण्डफिल्ड साइट | | | |
| | | नयाँ मेशिन उपकरण जडान | | | |
| ११. | नयाँ विघालय भवन निर्माण सम्पन्न | | ७ | | |
| १२. | स्वास्थ्य चौकी निर्माण | | ३ | | |
| १३. | जग्गा संरक्षण | आफनै स्वामित्वको | | | |
| | | सरकारी | | | |
| | | सार्वजनिक | | | |
| | | पर्ति/एलानी | | | |
| १४. | यात्रु प्रतिक्षालय | | १ | | |
| १५. | सामुदायिक भवन निर्माण | | ४ | | |

*७, क) कर्मचारीको उपलब्धता (वडा कार्यालय समेत):-*

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या | पदपूर्तिको लागि लो.से.आ. मा माग संख्या |
|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | | |
| अधिकृतस्तर | १७ | १३ | ४ | १७ | ६ | ३ |
| सहायकस्तर | ८७ | ७३ | १४ | ८७ | २० | ११ |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल जम्मा | १०४ | ८६ | १८ | १०४ | २६ | १४ |

<u>ख) विषयगत क्षेत्र तर्फका कर्मचारीको विवरण:-</u>

१. शिक्षा

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | २ | २ | ० | २ | १ |
| सहायकस्तर | १ | १ | | १ | १ |
| कुल जम्मा | ३ | | | ३ | |

२.कृषि

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | १ | १ | | १ | |
| सहायकस्तर | ३ | ३ | | ३ | |
| कुल जम्मा | ४ | | | | |

३. पशु सेवा

| पद | दरवन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | १ | १ | | | १ |
| सहायकस्तर | ४ | ४ | | ४ | |
| कुल जम्मा | ५ | ५ | | | |

४.स्वास्थ्य (स्वास्थ्य चौकीसहित)

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | १० | ६ | ४ | १० | ४ |
| सहायकस्तर | २८ | २२ | ६ | २८ | ६ |
| कुल जम्मा | ३८ | २८ | १० | ३८ | १० |

५.महिला तथा बालबालिका

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | | | | | |
| सहायकस्तर | ३ | ३ | | ३ | |
| कुल जम्मा | ३ | ३ | | ३ | |

६.ईन्जिनियरिङ सेवातर्फ

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त संख्या |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | २ | २ | | २ | २ |
| सहायकस्तर | १५ | १५ | | १५ | ८ |
| कुल जम्मा | १७ | १७ | | १७ | १० |

७.रिक्त पदहरुको विवरण

| पद | तह | संख्या | पद रिक्त हुनुको कारण | कै. |
|---|---|---|---|---|
| अधिकृतस्तर/ सहायकस्तर | अधिकृतस्तर/ सहायकस्तर | १४ | सरुवा | |

## खण्ड (ख)

## सेवा प्रवाह, योजना तथा अनुगमन

### *1. सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था :*

• कार्यालय भवनको पर्याप्तता

| विवरण | संख्या | भवन संरचना (पक्की/कच्ची) | स्वामित्वको अवस्था (आफ्नो/अन्य सरकारी भवन प्रयोग गरिएको/ भाडामा प्रयोग गरिएको) | निर्माणाधिन भए सोको अवस्था |
|---|---|---|---|---|
| कार्यपालिका कार्यालय भवन | १ | पक्की | आफ्नो स्वामित्वमा रहेको | निर्माण पुरा भएको |
| वडा कार्यालय भवन | १० | पक्की | आफ्नो स्वामित्वमा रहेको | निर्माण पुरा भएको |
| विषयगत शाखा वा ईकाइ भवन | | | | |

## २. स्थानीय तहको केन्द्रमा उपलब्ध अन्य भौतिक पूर्वाधारको अवस्था :

| क.सं. | विवरण | पक्की | कच्ची/ग्राभेल | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडकको पहुच | पक्की | | | |

| क.सं. | विवरण | राष्ट्रिय | स्थानिय | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्युत | १ | ० | | |

| क.सं. | विवरण | भएको/नभएको | सेवा प्रदायक संख्या | कै. |
|---|---|---|---|---|
| १ | ईन्टरनेट सेवा | भएको | ४ | |
| २ | सरकारी कारोबार गर्ने बैंक / अन्य वित्तिय संस्था | ४ | ४ | |

## ३. सवारी साधनको विवरण:-

| सवारी साधन | संख्या | अवस्था | | | | भाडाँमा लिएको भए |
|---|---|---|---|---|---|---|
| | | चालु | मर्मत गर्नु पर्ने | लिलाम गर्नु पर्ने | अन्य | |
| दुई पाङ्ग्रे (मोटरसाइकल / स्कुटर) | ३० | २७ | ३ | ० | ० | १ |
| चारपाङ्ग्रे (जीप कार भ्यान) | २ | २ | | | | |
| दमकल | १ | १ | | | | |
| एम्बुलेन्स | १ | १ | ० | ० | ० | |
| शववाहन | | | | | | |
| अन्य (ट्याक्टर, टिपर, एक्साभेटर, लोडर आदि) | ३ | ३ | | | | |

## ४. स्थानीय तह अन्तर्गत गठित समिति :-

| समितिको नाम | चालु आ.व. २०८१/०८२ को बैठक संख्या | चालु आ.व. २०८१/०८२ को बैठकको निर्णय संख्या | कै. |
|---|---|---|---|
| अनुगमन तथा सुपरिवेक्षण समितिको बैठक | | | |
| वडा स्तरीय अनुगमन समिति बैठक | १२ | ३४ | |

CamScanner

| | | | |
|---|---|---|---|
| स्थानीय राजस्व परामर्श | ५ | १७ | |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठक | ३ | | |
| बजेट तथा कार्यक्रम समिति बैठक | ७ | | |
| लेखा समिति बैठक | | | |
| विधायन समिति बैठक | २ | १४ | |
| सुशासन समिति बैठक | ५ | १४ | |
| कार्यपालिका अन्तर्गतका विषयगत समितिहरु बैठक | | | |
| स्थानिय अपागंता समन्वय समितिको बैठक | ३ | ६ | |
| स्थानिय बाल अधिकार समिति बैठक | २ | | |
| अन्य विशेष समितिहरुको बैठक | ३ | | |

***५. न्यायिक समिति :-***

- गत आ.व.मा दर्ता उजुरी गुनासोको संख्या:२४
- गत आ.व.क बैठक संख्या:४
- गत आ.ब.मा उजुरी गुनासो कार्वाही र किनारा संख्या:१७

***६. स्थानीय तहवाट विद्युतीय सेवा सञ्चालन:-***

क) सेवा प्रवाहमा प्रयोगमा रहेका सफ्टवेयरहरुको प्रकार:- जिन्सी, राजश्व, सुत्र, समपत्ति कर, कर्मचारी व्यवस्थापन, अपाङ्ग परिचय पत्र, EMIS, HMIS, E-Attendance, NAMS

ख) अनलाइन प्रणालीवाट उपलब्ध गराइएका सेवाहरु:- जिन्सी, राजश्व, सुत्र, समपत्ति कर ,अपाङ्ग परिचय पत्र, EMIS, HMIS, E-Attendance, NAMS

***७. चालु आ.व. २०८१/०८२मा सञ्चालित योजना सम्बन्धी विवरण :-***

क) बजेटको आधारमा :

| क्र.स. | विवरण | योजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | ५ |
| २. | ५ लाख देखि ५० लाख सम्मको आयोजना | ६५ |
| ३. | ५ लाख भन्दा कम बजेटको आयोजना | १०५ |
| | जम्मा | १७५ |

ख) योजनाहरुको कार्यान्वयन तह/क्षेत्र :

| क्र.स. | विवरण | योजना संख्या |
|---|---|---|
| १. | पालिका स्तरीय | १० |
| २. | वडास्तरीय | १६५ |
| | जम्मा | १७५ |

ग) योजना कार्यान्वयन :

| क्र.स. | विवरण | योजना संख्या |
|---|---|---|

## रोल्पा नगरपालिकाको समग्र मूल्याङ्कन

- **स्थानीय तह संस्थागत क्षमता स्व- मूल्याङ्कन (LISA)**
  आ.व २०७८/७९ :- ८२.२५ अंक
  आ.व.२०७९/८० :- ८५.२५ अंक
  आ.व.२०८०/८१ :- ९५ अंक
- **स्थानीय तह वित्तीय सूशासन जोखिम मूल्याङ्कन (FRA)**
  आ.व २०७८/७९ :- ८४.५ अंक
  आ.व.२०७९/८० :- ८३.० अंक
  आ.व.२०८०/८१ :- ९३.० अंक
- **लैङ्गिक समानता सामाजिक समावेशीकरण (लै.स.सा.स) मूल्याङ्कन (GESI AUDIT)**
  आ.व २०७८/७९ :- ७२ अंक
  आ.व.२०७९/८० :- ८१ अंक
  आ.व.२०८०/८१ :- ७९ अंक

## रोल्पा नगरपालिकाको हाल सम्मको नीतिगत प्रगतिको अवस्था

रोल्पा नगरपालिकामा हालसम्म १६ वटा ऐन, ८ वटा नियमावली, ४१ कार्यविधि ९ मापदण्ड तथा निर्देशिका लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन्।

रोल्पा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सुशासन, विकास र सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यस रोल्पा नगरपालिकाको नीति तथा कार्यक्रम २०८१,आवधिक नगर विकास योजनाहरु, नेपाल सरकारको १६ औं योजनाको मार्गदर्शन र दिगो विकास लक्ष्य (SDG) का सिद्धान्तहरूलाई आत्मसात् गर्दै, नगरपालिकाले समावेशी र समतामूलक विकासका लागि विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। यस प्रगति विवरणमा रोल्पा नगरपालिकाको नीति तथा कार्यक्रम २०८१, आवधिक नगर विकास योजनाहरु, **SDG** का प्रमुख लक्ष्यहरू र १६ औं योजनाका प्राथमिकताका आधारमा नगरपालिकाको उपलब्धिहरू प्रस्तुत गरिएको छ।

## रोल्पा नगरपालिकाको समग्र शाखा तर्फको प्रगति विवरण

१. दैनिक बिहान ठिक १०: ०० बजे राष्ट्रिय गानबाट कार्यालय शुभारम्भ।
२. रोल्पा नगरपालिकाको प्रशासकीय भवन संचालनमा आए संगै नागरिकलाई नगरपालिकाबाट हुने सेवा सुविधा लिन सहज भएको छ। यसले न्याय र सुशासनलाई थप प्रभावकारी बनाउन **Efficiency, Transparency,** र **Accountability,** एकद्वार प्रणाली **"One Door Service System"** लाई बढावा दिएको छ ।

३. रोल्पा नगरपालिका वडा नं. २ लिबाङमा बहुउद्देश्यीय सभा हल निर्माण भइ ,यस आ.व २०८१/८२ बाट उक्त बहुउद्देश्यीय सभा हल संचालनमा आएको छ।

४. रोल्पा नगरपालिका खानेपानी र सरसफाईमा देशकै उत्कृष्ट! यप रोल्पा नगरपालिकाको नगरप्रमुख आदरणिय सुरेन्द्र थापा घर्ती **WASH** मेयर च्याम्पियनबाट सम्मानित।

५. नगरपालिकाका सेवा प्रवाह र विकासका गतिविधिहरु समेटेर नगर बुलेटिन प्रकाशित हुँदै आएको ।

६. रोल्पा नगरपालिकाले नागरिक सहायता कक्ष **"Citizen Help Desk"** संचालनमा ल्याएको छ जसले गर्दा सेवाग्राहीहरुलाई कार्यालयबाट सेवा लिन थप सहज भएको छ।

७. रोल्पा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा आचारसंहिता पूर्ण कार्यान्वयनमा जोड दिइएको छ।

८. रोल्पा नगरपालिकाले **"She Leads Icon"** माध्यमबाट महिला नेतृत्वलाई सशक्त बनाउँदै लैङ्गिक समानताको दिशामा महत्वपूर्ण पाइला चालेको छ । यसले नगरपालिकाको प्रगतिमा महिलाहरूको अपरिहार्य योगदानलाई उजागर गर्दै भविष्यमा अझ समावेशी र समतामूलक समाज निर्माण गर्ने दिशामा प्रेरणा प्रदान गरेको छ । यसका साथै, रोल्पा नगरपालिकाका लागि गौरवको विषय: हाम्रो उप-प्रमुख, आदरणिय श्री गीता आचार्य ज्यू, राष्ट्रकै उत्कृष्ट २७ औं उप-प्रमुखको सूचीमा सम्मानित हुनुभएको थियो।

९. सेवा प्रवाह सुधार तथा सेवाग्राहीको सन्तुष्टिका लागि सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता बिधिको प्रयोग गरिएको छ। वडा तथा नगर कार्यपालिका कार्यालयबाट प्रवाह हुने सेवालाई अनलाइन रजिष्ट्रेशन, कम्प्युटर बिलिंग जस्ता सूचना प्रविधीको प्रयोग मार्फत नागरिकमैत्री बनाइएको। नगरपालिकाले सेवा प्रवाहको मापदण्ड **(SOP)** को निर्माण थप प्रभावकारी बनाइएको छ ।

१०. सार्वजनिक खर्चलाई उत्पादनमूलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड **(Internal Control System )** बनाई लागू गरिएको छ।

११. नगर क्षेत्रभित्र संचालित गैर सरकारी संस्थाहरु संग समन्वय बैठक वसी उक्त संस्थाका कार्यक्रमहरु रोल्पा नगरपालिकाको बार्षिक विकास योजनामा समावेश गरि कार्यान्वयन गर्ने कार्यलाई जोड दिइएको छ।

१२. गैर सरकारी संस्थाहरुलाई विकास साझेदारको रुपमा स्वीकार गर्दै उनीहरुलाई नगर क्षेत्र भित्रको सन्तुलित विकास र मानव विकासका क्षेत्रहरुमा व्यवस्थित परिचालन गरिएको छ।

१३. नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी तथा जनमुखी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइएको। संगठनलाई चुस्त र ठिक आकार **(Right size)** को बनाइएको ।

१४. रोल्पा नगरपालिकाका जनप्रतिनिधिहरूको वित्तीय अभिलेख पूर्णतः स्वच्छ देखिएको छ। उहाँहरूको नाममा कुनै पनि बरुजु रकम नभएको पुष्टि हुनुले सार्वजनिक कोषको व्यवस्थापनमा उहाँहरूको उच्च निष्ठा र जवाफदेहिता स्पष्ट झल्काउँछ।



CamScanner

१५.सार्वजनिक खर्चलाई उत्पादनमूलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड बनाई लागू गरिएको । सुशासनका आयमलाई आत्मसाथ गर्दै जनमुखी प्रशासन मार्फत सार्वजनिक सेवा प्रवाह छिटो छरितो र नागरिकमैत्री हुदै आएका छन् । नगरका निर्णय प्रक्रियाहरु थप सरल, सहज पारदर्शी बनाइएको छ नीति अंगिकार गरिएको । तोकिएकै समयमा काम शुरु गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन नागरिक बडापत्रको अक्षरस: पालना गरिएको छ ।

१६.रोल्पा नगरपालिकाको सार्वजनिक सम्पत्तिको अभिलेख सार्वजनिक गरिएको र त्यसको उचित उपयोग संरक्षण तथा संवर्द्धन गर्ने नीति कार्यान्वियन गरिएको छ । सार्वजनिक खरिद प्रक्रियालाई अझ पारदर्शी र व्यवस्थित बनाउन, रोल्पा नगरपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थालाई पूर्ण रूपमा अंगिकार गर्दै खरिद गुरुयोजना (Procurement Master Plan) र वार्षिक खरिद योजना (Annual Procurement Plan) सफलतापूर्वक कार्यान्वयन गरेको छ । यसबाट खरिद प्रक्रियामा दक्षता र जवाफदेहिता वृद्धि भएको छ ।

१७.नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख र वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र वडा सचिव विच कार्यसम्पादन करार गरी कार्यान्वयनमा ल्याइएको ।

१८. जनतासंग नगरपालिका रेडियो कार्यक्रम हरेक शुक्रवार साँझ ६: ३० बजे एफ.एम बाट संचालन भईरहेको ।

१९. प्रत्येक बिहीबार न्यायिक समितीको ईजलास बस्ने गरेको , न्यायिक समितिका सदस्यहरुलाई तालिम आयोजना गरी क्षमता विकास गर्ने गरिएको ।

२०. रोल्पा नगरपालिकाको सुशासन सुधार तथा सेवा चुस्त र दुरुस्त वनाउनको लागि प्रत्येक हप्ता / १५ दिनमा आवश्यकतानुसार समीक्षा बैठक हुने गरेको ।

२१.महालेखापरीक्षकले हालसम्म औल्याएका बेरुजुलाई कम गर्ने कार्यमा जोड दिइएको । शून्य बेरुजुको मान्यतालाई आत्मसाथ गरी सेवा प्रवाह गर्ने नीति अबलम्बन गरीएको छ ।

२२. बेरुजु फर्छौटको लागि महालेखा परीक्षाको NAMS Software को प्रयोग गरी कार्यालयबाटै फर्छौट गर्ने प्रणाली अवलम्बन गरिएको ।

२३.सार्वजनिक वित्त व्यवस्थापन र लेखा प्रणालीलाई राष्ट्रिय मापदण्ड तथा अन्तराष्ट्रिय लेखाको सिद्धान्त अनुशरण गरिएको ।

२४. वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता कायम गर्न र सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यस सम्बन्धी आवश्यक कानून, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।

२५. नगरपालिकाको वेबसाइट अद्यावधिक र सूचना प्रवाह: नगरपालिकाको आधिकारिक वेबसाइटलाई नियमित रूपमा अद्यावधिक गरिएको छ । यसमा नगरका नीति, कार्यक्रम, बजेट, निर्णय र सार्वजनिक सूचनाहरू सहजै उपलब्ध गराइएका छन्, जसले पारदर्शिता बढाएको छ ।

रोल्पा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लिबाङ
२०७३

२६.राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र उपयोग गर्न सकिने व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८१/८२ देखि रोल्पा नगरपालिकामा Biometric Verification का माध्यामबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गर्न १० वटै वडा कार्यालयमा Biometric Scanner Device को व्यवस्थागरी व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई अझै प्रभावकारी र व्यवस्थित बनाउँदै आएको छ। यसबाट लक्षित वर्गमा समयमै र सहज रूपमा भत्ता पुऱ्याई उनीहरूको जीवनयापनमा सहयोग पुगेको छ।

२७. यस आर्थिक बर्ष २०८१/०८२ मा रोल्पा नगरपालिकाबाट अनलाईन व्यक्तिगत घटना दर्ता ८११३ जनाको भएको भने सामाजिक सुरक्षा भत्तामा समावेश लाभग्राहि संख्या ६१७२ जना।

२८. रोल्पा नगरपालिकाको कार्यालयमा सेवाग्राहिहरुको लागि नि :शूल्क **WIFI** सेवा संचालनमा आएको।

२९. रोल्पा नगरपालिकाले वार्षिक २ पटक सार्वजनिक सुनुवाई गरेर सेवा ग्राहीहरुको गुनासो सुनुवाई तथा फछ्यौंट गर्ने गरेको।

३०. रोल्पा नगरपालिकाको न्यायिक समितिले जिल्लामै उत्कृष्ट कार्यसम्पादन गरेको छ। हालै सार्वजनिक भएको विभिन्न प्रतिवेदन (LISA) , न्यायीक जिल्ला सम्मेलन रिपोर्ट अनुसार, न्यायिक समितिले आफ्नो क्षेत्राधिकारभित्रका विवाद समाधानमा प्रभावकारी भूमिका निर्वाह गरेको र पीडितलाई न्याय प्रदान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख छ।

३१. जिल्लास्तरमा न्यायिक घुम्ती सम्मेलनमार्फत स्थानीय तहको न्यायिक समितिलाई सवलीकरण गर्ने प्रयास गरिएको छ।

३२. **(Software)** सफ्टवेयर प्रणाली मार्फत न्यायिक समितिका क्रियाकलापहरु संचालन गर्ने व्यवस्था गरिएको छ। न्यायिक समितिका उजुरी प्रशासन, मेलमिलाप, न्यायिक छलफल, मेलमिलाप केन्द्र व्यवस्थापन, उजुरी फछ्यौट, मिसिल संरक्षण लगायतका क्रियाकलापहरुलाई थप व्यवस्थित र पारदर्शी बनाएको छ।

३३. न्यायीक समितिबाट न्याय सम्पादन तथा मेलमिलापका विषय सम्बन्धमा वडाहरुमा अभिमुखिकरण गरी नगरबासीमा सचेतना अभिवृद्धि गरिएको छ।

३४. तालिमप्राप्त मेलमिलाप कर्तालाई थप क्षमता विकास गरी न्याय सम्पादनलाई थप प्रभावकारी बनाइएको छ।

३५. रोल्पा नगरपालिकामा रहेका सडक मानव तथा मानसिक सन्तुलन गुमेका नागरिकहरुलाई मानव सेवा आश्रममा व्यवस्थापन गरिएको।

३६. रोल्पा नगरपालिका भित्र रहेका २३ वटा सहकारीहरुलाई **ONLINE SYSTEM COPMIS** मा आवद्ध **(Implementation) गरी सहकारीहरुले System मार्फत Data Entry नियमित रुपमा गरिएको साथै** सहकारीहरुलाई करको दायरामा समावेश गरिएको।



CS CamScanner

३७.रोल्पा नगरपालिकाले आर्थिक रुपमा करको दायरा विस्तार गरी सबै व्यवसायीहरुमा कर तिर्नु पर्छ भन्ने भावनाको विकास गरेको।

३८. नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने अधिकारका विषयहरुको कार्यान्वयनका लागि नगरपालिकाले निर्माण गर्नुपर्ने कानूनहरु तर्जुमागरि कार्यान्वयन गरिएको छ।

३९.रोल्पा नगरपालिका ९ **ह्वामा (फाल्जा खोला) जोड्ने मोटरेवल पुल निर्माण सम्पन्न भएको छ।** यसै संग २२०० नागरिकहरु लाभान्वित भएका छन्।

४०. रोल्पा नगरपालिका २ र ९ नं. जोड्ने झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। यस बाट उक्त क्षेत्रका करिव ३ हजार नागरिक प्रत्यक्ष रुपमा संगै झण्डै ३००० नागरिकलाई प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। त्यसैगरी क्यूबाङ झोलुङ्गे पुल , वडा नं १० मा २ वटा झोलुङ्गे पुल, ८ र ९ नं. जोड्ने पुल निर्माण योजनाहरु सम्पन्न भएका छन्।

४१. **जनयुद्ध स्मृति भ्यूटावरमा** जाने पक्की RCC सडक निर्माण भएसंगै आन्तरिक तथा बाह्य पर्यटकमा बृद्धि आएको छ ।

४२. **रक गार्डेन ,भ्यु टावर, चुनारे भिर, कालिपोखरी** लगायतका पर्यटकीय क्षेत्रलाई थप व्यवस्थापन गरिएको छ । गत आ. व. २०८१/८२ मा आन्तरिक तथा बाह्य पर्यटक गरि **जम्मा ८१,०३० जनाले** यस स्थानहरुमा अवलोकन भ्रमण गरेका छन्।

४३. रोल्पा नगरपालिकाको वडा नं ५ जेदवाङ र वडा नं ८ जंकोटमा पक्की RCC स्वास्थ्य चौकी भवन निर्माण भएको छ।

४४. नगरपालिकाले निर्माण गरेका सडक यातायात गुरुयोजना " **Road Transport Master Plan**", जोखिम संवेदनशील भू-उपयोग योजना यसै आर्थिक बर्ष २०८१/०८२ मा निर्माण गरिएको छ ।

४५. नगर स्तरीय आयोजनाको रुपमा १० वटै वडाहरु समेट्ने गरि बाटोको स्तरोन्नती गरिएको छ।

४६. उज्यालो रोल्पा नगरपालिकाको अभियान अन्तर्गत वडा नं २ र ४ का प्रमुख रणनैतिक स्थानहरुमा (Solar Street Light) बत्ती जडान गरिएको छ। आवश्यकताका आधारमा नगरका भित्री सडकमा स्ट्रिट लाइट जडान गरिएको थियो । नगर क्षेत्रभित्र रहेका बिद्युतका पुराना पोलहरु व्यवस्थापन गर्न तथा बिद्युत सम्बद्ध अन्य समस्या समाधानका लागि नेपाल विद्युत प्राधिकरण र प्रदेश सरकार संग समन्वय गरिएको छ ।

४७. सामुदायिक बिद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न पूर्व प्राथमिक कक्षा देखि नै सुधारका कार्यक्रमहरु संचालन गरिएको छ। रोल्पा नगर क्षेत्रभित्रका भौतिक पूर्वाधारको अवस्था कमजोर भएका आधारभूत तथा माध्यमिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासका लागि रोल्पा नगरपालिकाको प्राथमिक योजनामा समावेश गरि यो आ.व मा ३ वटा बिद्यालयको भौतिक पूर्वाधार निर्माणमा कर्य भएको छ।

४८. रोल्पा नगरपालिकालाई स्वच्छ, सफा राख्न रोल्पा नगरपालिकाको मुटुमा अवस्थित टुडिखेल परिसरमा **सार्वजनिक शौचालय स्थापना भएको छ** । साथै नगरवासीहरुको लागि २ वटा धारा सहित (**Hand Washing Station** ) खानेपानी योजना निर्माण सम्पन्न भएको छ ।

४९. यस आ.व २०८१/०८२ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत वित्तिय रणनीति योजना (**WASH Financial Strategy Plan**) तयार भएको छ।

रोल्पा नगरपालिका नगरकार्यपालिकाको कार्यालय लिवाङ २०७३

५०. रोल्पा नगरपालिका वडा नं ३ मा अवस्थित नेपाल राष्ट्रिय मा .वि खुमेलमा **स्वच्छ खानेपानी योजना** निर्माण गरि **Solar Energy** जडान भएको छ, साथै १७ वटा मुहान संरक्षण गरि **वडा नं ३ लाई समुदायमा सुरक्षित खानेपानी युक्त वडा घोषणा गर्ने क्रम अन्तिम चरणमा पुगेको छ ।**

५१.**टोल विकास समितिहरु** गठन तथा परिचालनका कार्यहरु क्रमश: प्रारम्भ भएको छ।

५२. रोल्पा नगरपालिकाबाट विभिन्न संघ, संस्था ,विद्यालय ,स्वास्थ्य संस्था तथा समुदायको नि:शुल्क रुपमा पानीको गुणस्तर चेक, जाँच गर्ने व्यवस्था गरिएको छ। साथै यस सम्बन्धी जनचेतना मुलक सन्देशहरु नगरपालिकाको **Website** तथा सामाजिक संजाल मार्फत प्रकाशन तथा प्रचार प्रसार गरिएको छ ।

५३. आ. व २०८१/८२ मा अनुगमन कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन बैज्ञानिक पद्धतिबाट योजनाहरु अनुगमन गर्ने व्यवस्था भएको छ। साथै योजनाको गुणस्तर चेक,जाँच गरि योजनालाई गुणस्तरीय बनाउने प्रयास गरिएको छ ।

५४. आ. व २०८०/८१ मा यस रोल्पा नगरपालिकाको १० वटै वडामा कुल २९,७८० मिटर बाटो निर्माण सम्पन्न भएको थियो भने यस आ.व २०८१/८२ मा ३१,५०० मिटर बाटो मर्मत तथा निर्माण भएको छ ।

५५. यस आ.व २०८१/८२ मा २ वटा विद्यालयमा खेल मैदान निर्माण भएका छन्।

५६. रोल्पा नगरपालिकाको विभिन्न स्थानहरुमा आमा समूहका ५ वटा सामुदायिक भवनहरु निर्माण भएका छन् ।

५७. रोल्पा नगरपालिकाले गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्धेश्यका साथ गत आ.व २०८०/८१ मा **७ वटा विद्यालयमा** पक्की भवन निर्माण गरिएको छ भने यस आ.व मा ६ वटा विद्यायलयमा भैतिक निर्माण को कार्य भईरहेको छ ।

५८. फोहोरमैला व्यवस्थापन र विपद् व्यवस्थापन, हरियाली प्रवर्धन, सडक तथा पूर्वाधार विकास, प्राकृतिक श्रोत र साधन, नदि तथा खोला नियन्त्रण, ढल तथा नाली निर्माण र अन्य महत्वपूर्ण विषयहरूमा संघ, प्रदेश सरकार तथा बिकास साझेदारहरू संगको समन्वयमा योजनाहरू कार्यान्वयनमा ल्याइएको छ।

५९. रोल्पा नगरपालिकाले कार्य सम्पादनको दक्षता बढाउन र प्राविधिक कार्यहरूलाई गति दिन, ४ जना प्राविधिक कर्मचारीहरूलाई करारमा नियुक्त गरेको छ। लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भएपछि सहजै पद हस्तान्तरण हुने गरी यो व्यवस्था गरिएको छ, जसले नगरपालिकाको योजनाबद्ध विकासमा टेवा पुगेको छ।

६०. ठूला तथा गौरवका आयोजना सञ्चालनमा समेत हेभि इक्युपमेन्टको प्रयोगलाई क्रमशः निरुत्साहन गरी स्थानीय रोजगारी सिर्जना हुने राष्ट्रिय नीति अवलम्बन गरने प्रयास गरिएको छ।

६१. रोल्पा नगरपालिकाको लोकप्रिय कार्यक्रम **"एक घर एक रोजगार प्राविधिक छात्रवृत्ति कार्यक्रम"** अन्तर्गत आ. व २०८०/०८१ मा २५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको थियो भने आ. व २०८१/०८२ मा २० जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ। साथै यस आ.व मा **MBBS /MD** तर्फ २ जनालाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको छ।

६२. प्रारम्भिक बाल विकास सम्बन्धी विषयलाई प्राथमिकताका साथ अगाडी बढाउने नीति अवलम्बन गरेका छौं । यसकालागि पालिका र वडा स्तरमा कार्यक्रमहरु सञ्चालन गरिएको छ।

६३. रोल्ला जिल्लामा पहिलो पटक रोल्पा नगरपालिकाद्वारा शिक्षकहरुलाई **ICT सम्बन्धी तालिम , AI को विद्यालयमा प्रयोग र सूचना प्रविधि र EMIS** सम्बन्धि ५ दिने क्षमता विकास कार्यक्रम गरिएको **(Physical To Digital @ phygital )**



CamScanner

६४. **Digital Rolpa Municipality Digital Nepal** अन्तर्गत सबै विद्यालयमा **Email, Internet, Facebook Page, What's App Group, E- Learning Portal,** Digital Syllabus को विकास गरिएको छ ।

६५. शैक्षिक गुणस्तर शुधारको लागि नियमित प्र.अ वैठक भएको र मासिक प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था भएको।

६६. यस आ.व २०८१/०२ मा नगर शिक्षा योजना तयार भएको छ। नगर शिक्षा योजनाको मुख्य उद्देश्य स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षाको समग्र विकास गर्नु हो, र यो बनेपछि शिक्षामा पहुँच, गुणस्तर र समता अभिवृद्धि भई शैक्षिक सुशासन कायम हुन्छ।

६७. शिक्षा क्षेत्रलाई क्रमिक रुपमा आधुनिक बनाउँदै शिक्षा क्षेत्रमा डिजिटल प्रविधिको विकास गरिएको छ । विद्यालयहरुमा सम्पर्क अधिकारी तथा सूचना अधिकारी तोकेर सूचना आदान प्रदान गर्ने व्यवस्था गरिएको छ। कार्य सम्पादन एवं सिकाई क्षमताका आधारमा नगर भित्रका शिक्षकलाई पुरस्कृत गरिएको छ। पढ्न चाहने अभिभावक विहिन अवस्थामा रहेका बालबालिकाको अभिभावकत्व नगरपालिकाले गर्दे आईरहेको छ ।

६८. रोल्पा नगरपालिकाले दिवा खाजाको रुपमा प्रदान गर्दै आइरहेको अनुदानलाई निरन्तरता दिईएको छ। साथै दिवा खाजाको रुपमा **( Junk Food )** जंक फुडलाई पूर्ण रुपमा प्रतिबन्ध लगाइएको र दूध तथा दुग्धजन्य पदार्थको खाजालाई प्राथमिकता दिएको छ ।

६९. सार्वजनिक सेवा प्रति युवाहरुको आकर्षण अभिवृद्धि गर्न नगर क्षेत्रभित्रका प्लस टु (१०+२), Diploma र स्नातक शिक्षा पुरा गरेका युवाहरुको लागि नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा Internship /OJT कार्यक्रम संचालन गरिएको जंस अन्तर्गत यस आ.व २०८१/८२ मा ८ जना युवाहरुले OJT को अवसर प्राप्त गरेका छन् ।

७०. सिर्जनशील शुक्रबार **(Creativity in Good Friday)** भन्ने अभिप्रायका साथ नगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रत्येक शुक्रबार सृजनात्मक कक्षा संचालन गरेको। उक्त दिन कला, योगा, साहित्य, संगीत खेलकुद लगायतका सृजनात्मक तथा इमान्दारिता, अनुशासन, सदाचारिता सम्बन्धी व्यवहारिक शिक्षा प्रदान गरिएको छ।

७१. विद्यालय भर्ना दर बढाउन, टिकाउ दर कायम गर्न र शैक्षिक गुणस्तर सुधार गर्न पहल गरिएको छ। विद्यालय पूर्वाधार विकास, शिक्षक तालिम, र शैक्षिक सामग्रीको उपलब्धतामा जोड दिइएको छ।

७२. रोल्पा नगरपालिकाका विद्यालयहरूमा (Digital learning) ई-लर्निङ (E- Learning platform) अवधारणा प्रविधिको विकास गरिएको छ साथै सबै मा.वि मा ICT ल्यावको विकास गरिएको छ ।

७३. फरक तरिकाले शिक्षण सिकाई कृयाकलाप गर्नका लागि **STEM EDUCATION** तालिम संचालन गरिएको ।

७४. एकिकृत शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) तालिम दई शैक्षिक तथ्याङ्क सत्यापन गरिएको छ।

७५. हाल सम्म **फुसको छानो विस्थापन कार्यक्रम** अन्तर्गत १९० घरधुरी लाभान्वित भएका छन्।

७६. रोल्पा नगरपालिकाले **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत ९२ **वटा योजना** सम्पन्न गरेको छ। साथै १०० दिने रोजगारी **अन्तर्गत २५८ जानाले रोजगार** प्राप्त गरेका छन्।

रोल्पा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लिबाङ
२०७३

७७. प्रतिफलमा आधारित अनुदान कार्यक्रम अन्तर्गत नगरभित्रका ३५१ कृषकहरुले उत्पादन गरेको १२६००० लिटर दुध कृषि तथा पशुपन्छी दुग्ध सहकारीमा विक्रि गरे वापत प्रतिलिटर रु ५ का दरले रु ६३००००/-रुपैया अनुदान उपलब्ध गराउने कार्य अन्तिम चरणमा पुगेको।

७८. भ्याक्सिनेटरलाई पारिश्रमिक कार्यक्रम अन्तर्गत रोल्पा नगरपालिका भित्र महामारीजन्य रोगको विरुद्धमा ७,००० वटा गाई/भैसिलाई F.M.D खोप र २०,५०० वटा भेडा/बाख्राहरुलाई पि.पि.आर खोप र ३०० वटा बंगुरहरुमा स्वाईन फिवर खोप लगाउने काम सम्पन्न भएको छ।

७९. पशु उपचारलाई सहज बनाउन नगरपालिकामा कार्यरत पशु सेवा प्राविधिकलाई आवश्यकता अनुसार नगरका वडाहरुमा खटाई सहज बनाइएको छ। पशु उपचारलाई तत्काल गर्ने व्यवस्था गरिनुका साथै उपचारमा आवश्यक प्रविधिको व्यवस्था गरिएको छ।

८०. देशब्यापी रुपमा पशुहरुमा देखा परेको खतरनाक "लम्पी स्किन" रोग बिरुद्धको खोप नगर क्षेत्रभित्र रहेका सम्पूर्ण भैंसी तथा गाईहरुमा नि:शुल्क उपलब्ध गराएको छ। यसका लागि " **पशु प्राविधिकको व्यापक परिचालन : नगरपालिकामा व्यवासायिक पशुपालन** " अवधारणामा रही कार्य गरिएको थियो।

८१. रोल्पा नगर क्षेत्र भित्र भएका सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण कार्यक्रम संचालन गरिएको छ, १३९ वटा कुकुरहरुलाई रेबिज विरुदको खोप लगाई रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन गरीएको छ । साथै जूनोटिक रोग नियन्त्रणको लागी आवश्यक कार्यक्रम बनाई मानव स्वास्थ्य संरक्षणमा जोड दिइएको छ ।

८२. रोल्पा नगरपालिकाले लागत साझेदारीमा गत बर्ष कृषकहरुलाई **४० वटा उन्नत जातको भैंसी** वितरण , **१७ वटा गाई** वितरण गरेको थियो १ रांगो ९ वटा बोका वितरण गर्ने कार्य सम्पन्न भएको छ भने यस आ.व मा ६.गाई/भैसि पकेट विकास कार्यक्रम अन्तर्गत उन्नत भैसि खरिद/वितरण कार्यक्रममा कृषकहरुलाई प्रति भैसि रु ५०,०००/- को दरले अनुदान उपलब्ध गराउने संझौता अनुसार ३४ वटा भैसि खरिदका लागि संझौता कार्य सम्पन्न भई ११ वटा भैसि खरिद/वितरण कार्य सम्पन्न भैसकेको र बांकी खरिद हुने प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

८३. प्राकृतिक गर्भाधानका लागि वीर बहर रांगो र बोका वितरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ९ जना कृषकहरुलाई प्रति बोका रु २०,०००/- का दरले ९ वटा बोका र १ जना कृषकलाई प्रति रांगो रु ५०,०००/- का दरले १ वटा रांगो वितरण कार्य सम्पन्न गरियो।

८४. कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइको छ। रोल्पा नगरपालिकाबाट सञ्चालनमा रहेको दुग्ध डेरीलाई थप विकास गरी कृषकले उत्पादन गरेको दुग्ध बजार प्रत्याभूत गरिएको छ। कृषकको कृषि उत्पादनलाई व्यवसायिकरण तथा बजारीकरण गरी रोजगारी सृजना गर्नका लागि यस आ.व २०८१/८२ देखी रोल्पा नगरपालिकाले कृषी एम्बुलेन्स संचालनमा लाएको छ। । यस अघि व्यवसायिक पशुपालन र दुध पकेट क्षेत्रको रूपमा विकास भएका वडा नं. ३ खुमेल र ४ को लिबाङसँगै आगामी वर्ष वडा नं १, २, ७ र ६ समेतमा विस्तारका माध्यमले मिल्क करिडोर **(Milk corridor)** का रूपमा विकास गर्ने कार्यले गति लिएको छ। व्यवसायिक कृषकहरूलाई घाँस काट्ने च्यापकटर र दानामा अनुदानको विशेष प्रबन्ध मिलाइएको छ ।

८५. स्थानीय उत्पादनहरुको प्रवर्द्धन तथा बजारीकरणको लागि हाल संचालनमा रहेको नगर हाट बजार, रोल्पा कोशेली घर तथा अन्य बजारको व्यवस्था गरिएको छ ।



CamScanner

८६. रोल्पा नगरपालिकाले नगर दुग्ध डेरी संचालन गरी व्यवस्थापन गरेसंगै ३२७ जना कृषक प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् र नगरवासीहरुले सर्वसुलभ रुपमा शुद्ध दुधका परिकारहरु सेवन गर्न पाएका छन्।

८७. रोल्पा नगरपालिकाले नगर तरकारी हाट बजार संचालनमा ल्याए संगै नगर वासीले **Organic** तरकारी आदि सुलभ र सस्तो मूल्यमा पाएका छन्। साथै यस हाट बजारबाट २१२ जना कृषक प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

८८. भूमि आयोग संगको समन्वयमा नगर क्षेत्रभित्रका विभिन्न वडाहरुमा भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरु लाई जग्गाधनी प्रमाणपूर्जा वितरणको कार्य भैरहेको छ। यस कार्यलाई आयोगको जिल्ला कार्यालयसंग समन्वय गरि थप द्रुत र व्यवस्थित तुल्याइनेछ।

८९. नगर भित्रका ८१ प्रतिशत किसानहरु किसान सूचिकरण प्राणालिमा आवद्ध भएको।

९०. **"एक टोल एक पकेट" तथा " एक वडा एक ब्लक "** जस्ता नारालाई व्यबहारमा लागु गरिएको छ। सिप विकास कार्यक्रम मार्फत कृषि क्षेत्रलाई थप व्यवस्थित गरिएको छ कृषकको उत्पादनलाई बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाइएको ।

**<u>१ वडा १ पकेट क्षेत्र कार्यक्रम</u>**

१. १ नं वडा माहुरी पकेट क्षेत्र।
२. २ नं वडा तरकारी पकेट क्षेत्र।
३. ३ नं वडा मकै पकेट क्षेत्र।
४. ४ नं वडा सुन्तला जातको फलफूल पकेट क्षेत्र।
५. ५ नं वडा माहुरी पकेट क्षेत्र।
६. ६ नं वडा मकै पकेट क्षेत्र।
७. ७ नं वडा तरकारी पकेट क्षेत्र।
८. ८ नं वडा आलु पकेट क्षेत्र।
९. ९ नं वडा मसलाबाली पकेट क्षेत्र।
१०. १० नं आलु पकेट क्षेत्र।

८८. रोल्पा नगरपालिकाको **वडा नं १ र ५ लाई मौरी पकेट क्षेत्र घोषणा**सँगै कृषकहरुलाई मौरी घार वितरण गरेको थियो।

८९. यस आ.व २०८१/०८२ मा कृषि एम्बुलेन्स खरिद गरी संचालन गरिएको छ।

९०. रोल्पा नगरपालिकाले गत आ.व २०८१/८२ मा **कृषि प्राविधिक** किसानको फिल्डमा गई आवश्यक सहयोग प्रदान गरेका छन्।

९१. रोल्पा नगरपालिकाले **ग र घ वर्गका** अपाङ्गता भएका **व्यक्ति, शहिद परिवार ,द्वन्द पिडित घाइतेहरुकालागि स्वास्थ्य बीमा कार्यक्रम** संचालन गर्दै आएको र यस कार्यक्रमवाट ३२९ जना लाभान्वित भएका छन्।

१०६. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन रोजगार सेवा केन्द्रको क्षमता विकास गरी परिचालन गरिएको छ । आन्तरिक रोजगारी प्रवर्द्धन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित गरिएको । सीप विकासका कार्यक्रमहरु मार्फत विपन्न तथा गरिब समुदाय लक्षित स्वरोजगार अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिँदै आएको।

१०७. **रोल्पा नगरपालिकाले सेफहाउस संचालन गर्दै आइरहेको छ ।** यस रोल्पा नगरपालिकाबाट लैङ्गिक हिंसा पीडित वा प्रभावित महिला र बालबालिकाहरुको संरक्षण दिने व्यवस्था मिलाईएको छ। **साथै संघीय तथा प्रदेश सरकारसंग थप व्यवस्थापनको लागि थप सहयोग माग गरिएको छ।**

१०८. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि वनाई लागु गरिएको र बालमैत्री स्थानीय तहको लागि पहल भैरहेको छ।

१०९. वार्षिक विकास योजनालाई स्थानीयकृत दिगो विकासका लक्ष्यहरु संग तादाम्य हुने गरि निर्माण गरिएको छ। विकास योजनाहरुको वातावरणीय प्रभाव, गरिबी निवारण, लैंगिक समानता तथा सामाजिक समावेशीकरण /लैंगिक उत्तरदायी परिक्षण (**GESI/ GRB Audit**) गरि कार्यान्वयनमा ल्याइएको ।

११०. विपद् व्यवस्थापनको रणनैतिक योजना तयार गरी विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको खरिद गरी व्यवस्थापन गरिएको छ।

१११. विपद् व्यवस्थापन कार्यमा स्वयंसेवकको रुपमा कार्य गर्न इच्छुक प्रत्येक वडाका ५/५ जना स्वयंसेवकलाई विपद व्यवस्थापन सम्बन्धी आधारभूत तालिम प्रदान गरी विपद् व्यवस्थापन (Task Force) टास्क फोर्सको रुपमा परिचालन गरिएको छ । विपद् व्यवस्थापनको क्षेत्रमा खट्ने नगर प्रहरीहरुको लागि तालिम तथा यथोचित सुरक्षा उपकरणहरुको व्यवस्था गरिएको छ।

११२. यस आ.व २०८१/०८२ मा नगर क्षेत्रभित्र मनाइने विभिन्न धार्मिक तथा सांस्कृतिक चाड, पर्व, जात्रा, मेला तथा उत्सवहरुको जगेर्ना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिएको छ। साथै विभिन्न जातजाति, भाषा, लिङ्ग, सम्प्रदायहरुको उत्थान तथा विकासका कार्यक्रमहरु संचालन गरिएको छ।

११३. लक्षित वर्ग तथा आर्थिक रुपमा विपन्न रहेका नागरिकहरुलाई यस रोल्पा नगरपालिकाद्वारा सिप विकास तथा आय आर्जनका कार्यक्रमहरु संचालनमा ल्याएको छ।

११४. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालनका कार्यहरु संचालन गरिनेछ।

११५. घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालन गरिनेछ। जसमा टोल विकास संस्था, आमा समूह, महिला समूह जस्ता सामुदायिक संस्थाहरुलाई परिचालन गरिएको छ।

११६. बालमैत्री नगरपालिकाका लागि आवश्यक कार्यक्रमहरु निरन्तर संचालन गरिएको छ। समाजमा फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सदाचार, अनुशासन, सामाजिक विभेद लगायतका बिषयहरुको बारेमा सचेतना प्रवाह गर्ने कार्यका लागि नगर तथा वडा बाल संजाल, बाल क्लबहरुलाई ,स्काउट गंठन ताथा परिचालन गरिएको छ।

रोल्पा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लिवाङ
२०७३

९२. रोल्पा नगरपालिकाले गर्भवती महिलाहरुलाई **ग्रामिण भिडियो एक्सरे सेवा संचालन गरेको साथै सुत्केरी आमालाई नगद रु १०००/- प्रदान** गर्दै आएको छ।

९३. आ.व २०८१/०८२ मा प्रजनन् स्वास्थ्य शिविर सम्पन्न भएको छ। जंस अन्तर्गत १२८ जना लाभान्वित भएका छन् ।

९४. गर्भवती जाँच **(ANC)** तथा सुत्केरी पछिको जाँच **(PNC)** को पहुँच: नियमित चार पटक गर्भवती जाँच गराउने महिलाको संख्यामा वृद्धि भएको छ र सुत्केरी पछिको जाँच गराउने दर पनि उत्साहजनक रहेको छ।

९५.आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गरिएको छ । प्राथमिक स्वास्थ्य चौकी र स्वास्थ्य इकाइहरूको स्तरोन्नति, खोप कार्यक्रम संचालन र मातृशिशु स्वास्थ्य सेवामा सुधार गरिएको छ।

९६. लामखुट्टे नियन्त्रण: डेंगु, मलेरिया जस्ता रोगहरू नियन्त्रणका लागि लामखुट्टेको लार्भा खोजी र नष्ट गर्ने अभियान चलाइएको छ।

९७. पोषण सचेतना: कुपोषण न्यूनीकरणका लागि आमा समूह तथा महिला स्वास्थ्य स्वयंसेविकामार्फत पोषण सम्बन्धी जनचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ।

९८. बहुक्षेत्रीय पोषण योजना: नगरपालिकाले बहुक्षेत्रीय पोषण योजनालाई कार्यान्वयनमा ल्याई विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरी पोषणको अवस्था सुधार गर्न पहल गरेको छ।

९९. ०-२३ महिनाका शिशुको पोषण अवस्था मापन गर्न तौल जाँचको पटक संख्या १०% ले बढेको छ।

१००. पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको छ र संस्थागत सुत्केरी हुने दरमा ५ वर्षको तथ्याङ्क अनुशार ४१% ले वृद्धि भएको देखिन्छ। सरुवा रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालनमा छन्।

१०१. रोल्पा नगरपालिकाको वडा नं ७ मा रहेको माडीचौरमा कभर्ड हल निर्माण सम्पन्न भएको छ।

१०२. रोल्पा नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम अन्तर्गत आ.व २०८०/८१ मा १५० जनालाई ९० दिने लोकसेवा तयारी कक्षा (खरीदार / नासु / शिक्षक सेवा) संचालन गरेको थियो ।

१०३. **स्वदेशमा स्वरोजगार विदेशमा मर्यादित रोजगार ,सिप सिकौ,स्वरोजगार बनौ** भन्ने मुल नारा सहित गत आ.व २०८०/८१ मा ५० जना युवाहरुलाई प्लम्बिङ , हाउस वायरिङ र मिनि टिलर रिपेरिङ कार्यक्रम संचालन गरेको थियो र यस आ.व मा अल्लो धागो प्रसोधन तथा कपडा बुनाई तालिम १० जना, मिनी टिलर मर्मत तालिम ११ जना, हाउस वायरिङ तालिम **(स्तरउन्ती)** १२ जनालाई प्रधान गरिएको छ।

१०४. तालिम आवश्यकता पहिचान **(Training Need Assessment)** गरि आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रम युवा रोजगारीका लागि कार्यस्थलमा आधारित सीपमूलक तालिम सिकर्मी - २० जना र डकर्मी -२० जनालाई प्रधान गरिएको छ।

१०५. मर्यादित काम र आर्थिक वृद्धि **(Decent Work and Economic Growth):** बैदेशिक रोजगार बोर्ड, राष्ट्रिय युवा परिषद र रोल्पा नगरपालिकाको सहकार्यमा युवा स्वरोजगारका लागि ४ वटा विधामा उद्यमशीलता तालिम सञ्चालन गरिएका छन् **Cook, Helper, Waiter and Beautician** , जसबाट ७० जनाभन्दा बढी युवा लाभान्वित भएका छन् ।

११७. लक्षित वर्गका कार्यक्रमहरुलाई गरिबी निवारण र रोजगार तथा स्वरोजगारमुखी बनाउन प्राथमिकता दिइएको , उद्यमशिलता प्रवर्द्धनमा थप जोड दिइएको छ ।

११८. महिलाहरूको राजनीतिक, आर्थिक र सामाजिक सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। निर्णय प्रक्रियामा महिला सहभागिता बढाउन जोड दिइएको छ।

११९. रोल्पा नगरपालिकाले संघिय सरकार संग **१ घर १ धारा कार्यक्रमको** लागि पहल गरिएको छ।

१२०. रोल्पा नगरपालिकाको १० वटै वडा जोड्ने रिङरोडको योजनालाई सङ्घीय तथा प्रदेश सरकारको समन्वयमा बजेट व्यवस्थापनको लागि माग गरेको छ।

१२१. विगत लामो समय देखि संचालनमा नआएको डोजर पुन : संचालनमा आएको छ । संचालनमा आए संगै रोल्पा नगरपालिकाको योजना तथा सडक विस्तार, मर्मत गर्ने कार्यमा थप राहत मिलेको छ। सथै यस आ.व १ थान नयाँ डोजर खरिद गरि संचालन गरिएको छ।

१२२. **रोल्पा नगरपालिकाको १० वटै वडाका** सडकहरुको स्तरोन्नती , थप सुधारको लागि संघिय तथा प्रदेश सरकार संग बजेट व्यवस्थापनको लागि माग गरेको छ।

१२३. रोल्पा नगरपालिकाको गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) वाट मौरी पालन तालिम , टपरी गास्ने तालिम, सिलाई कटाई तालिम, कृषि औजार निर्माण तालिम गरी प्रत्यक्ष रुपमा ८२ जना लाभान्वित भएका छन् ।

१२४. **रोल्पा नगरपालिका अन्तर्गत १० वटै वडामा Mobile Network** सम्बन्धी समस्या पूर्णरुपमा सामाधान गर्नको लागि संघिय सरकार संग नगर प्रमुख मार्फत पहल भएको छ । सथै यस रोल्पा नगरपालिकाको विभिन्न स्थानहरुमा **Free Wi-Fi Hotspot** संचालनको लागि **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पहल भैरहेको छ** ।

१२५. वडा नं ६ मा रहेको ङर्कवाङ जलाशाय आयोजनालाई बहुउदेश्यीय आयोजनाको रुपमा निर्माण प्रक्रिया तिव्र रुपमा अघि बढाईएको छ।

१२६. **सुरक्षित आप्रवासन कार्यक्रम (सामी)** ले रोल्पा न.पा मा सकारात्मक कामहरू गरेको छन्।

- **वैदेशिक रोजगारीको जानकारी र परामर्श:**
  सामीले वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूलाई आवश्यक जानकारी र परामर्श प्रदान गरेको छ। यसले सुरक्षित र व्यवस्थित आप्रवासनलाई बढावा दिएको छ। जस अन्गर्त ५६५ जनाले सूचना तथा परामर्श सेवा लिएका छन् ।

- **सीप विकास तालिम:** वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई आवश्यक सीप विकास तालिम प्रदान गरिएको छ, जसले उनीहरूको रोजगारीको अवसर र सुरक्षा बढाएको छ।

- **मनोसामाजिक परामर्श:** वैदेशिक रोजगारीमा रहेका र फर्किएका कामदारहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ, जसले उनीहरूको मानसिक स्वास्थ्यलाई सहयोग गरेको छ ।
- **वित्तीय साक्षरता:** वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको सही उपयोग गर्न वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन गरिएको छ, जसले आर्थिक व्यवस्थापनमा सुधार ल्याएको छ।
- **कानुनी सहायता:** वैदेशिक रोजगारीका क्रममा समस्यामा परेकाहरूलाई कानुनी सहायता प्रदान गरिएको छ।
- **स्थानीय स्तरमा सचेतना:** सुरक्षित आप्रवासनको महत्वबारे स्थानीय स्तरमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

१२७. रोल्पा नगरपालिकाले आ.व २०८०/८१ मा कुल बजेटको ८७% बजेट खर्च गर्न सफल भएको थियो । जस मध्ये कुल बजेटको बेरुजु रकम ०.३४ % रहेको थियो ।

१२८. गत आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयनमा ७२.३४% को सफल उपलब्धि देखिएको छ ।

सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख

**प्रस्तावहरू:** १. आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

२. वार्षिक समीक्षा विवरण सार्वजनिक गर्ने सम्बन्धमा।

३. विविध।

**निर्णयहरू:**

**निर्णय नं. १:** यस रोल्पा नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट, नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्था, लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति, प्राप्त उपलब्धि र कार्यान्वयनमा देखिएका चुनौतीहरूका सम्बन्धमा तयार पारिएको **'वार्षिक समीक्षा प्रतिवेदन २०८१/८२'** माथि विस्तृत छलफल गरियो। विषयगत शाखाहरूबाट प्राप्त प्रगति विवरण र प्राप्त उपलब्धिलाई सन्तोषजनक मान्दै उक्त वार्षिक समीक्षा प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गरियो।

**निर्णय नं. २:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन सूचक (सूचक नं. ५) को अनिवार्य पालना गर्दै, निर्णय नं. १ बाट स्वीकृत भएको **आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा विवरण** मिति २०८२ कात्तिक मसान्तभित्रै नगरपालिकाको सूचना पाटी, आधिकारिक वेबसाइट तथा स्थानीय सञ्चार माध्यममार्फत **सार्वजनिक (Public)** गर्ने निर्णय गरियो। यसको जिम्मेवारी नगरपालिकाको सूचना प्रविधि शाखा र योजना शाखालाई दिने निर्णय गरियो।

सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख